## जानकारी



सानेपा बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य श्री राम कृष्ण शाही ६८ वर्षको उमेरमा २०७८ जेष्ठ १६ गते/मे ३० तारिख २०२१, आइतबार प्रभुमा सुत्नुभयो ।



भंगाल बस्नुहुने नेइम भंगाल मण्डलीको सदस्य सुश्री सम्झना राई २६ वर्षको उमेरमा २०७८ जेष्ठ २७ गते/जून १० तारिख २०२१, मंगलबार प्रभुमा सुत्नुभयो ।



धापासी बस्नुहुने नेइम धापासी मण्डलीको सदस्य श्रीमती सरीता मगर ३४ वर्षको उमेरमा २०७८ असार १ गते/जून १५ तारिख २०२१, आइतबार प्रभुमा सुत्नुभयो ।



जहरसिंहपौवा बस्नुहुने नेइम जोरपाटी मण्डलीको सदस्य श्री निरज राज भण्डारी ४७ वर्षको उमेरमा २०७८ जेष्ठ १७ गते/मे ३१ तारिख २०२१, सोमबार प्रभुमा सुत्नुभयो ।



खोरिया, चाँगु बस्नुहुने नेइम जोरपाटी मण्डलीको सदस्य श्री जगत बहादुर तामाङ्ग ८८ वर्षको उमेरमा २०७८ जेष्ठ २५ गते/जून ८ तारिख २०२१, मंगलबार प्रभुमा सुत्नुभयो ।



थली बस्नुहुने नेइम ज्ञानेश्वर मण्डलीको सदस्य सुश्री ज्ञानु माया (मीका) राई ५८ वर्षको उमेरमा २०७८ असार ८ गते/जून २२ तारिख २०२१, मंगलबार प्रभुमा सुत्नुभयो ।

# विशेष् प्रार्थना

१. देशको वर्तमान परिस्थितिको कारण कोही पनि निरास हताश नभई परमेश्वरमा पूर्ण भरोसा राखी देशको निम्ति निरन्तर प्रार्थना गरौं ।

२. देशको राजनैतिक, सामाजिक, आर्थिक, भौतिक, शैक्षिक, स्वास्थ्य, सम्पूर्ण क्षेत्रहरूमा सुधार, परिवर्तन, उन्नति, प्रगतिको लागि प्रार्थना गरौं ।

३. नेपाल देशमा प्रभुको इच्छा र योजना पूरा भएको होस् साथै उहाँको इच्छाअनुसार मण्डलीहरू पनि अघि बढ्दै जान सकून् ।

४. मण्डलीका सबै विश्वासीहरू पवित्र आत्माको भरपूरी र पवित्र आत्माको अगुवाइमा जिउनेहरू हुन सकून् ।

५. झरी वर्षाको समयमा बाढी पहिरो जस्ता प्राकृतिक प्रकोपको कारण दु:ख, कष्टमा परेकाहरूको लागि प्रार्थना गरिदिऔं ।

६. येशू प्रभुको नाउँको खातिर सारा संसारभरि दु:ख, कष्ट, खेदो, सतावट सहिरहनुभएका प्रभुको जनहरूको लागि प्रार्थना गरिदिऔं ।

७. रेडियो तथा विभिन्न टेलिभिजनहरूबाट प्रसारण भइरहेको सुसमाचार प्रचारद्वारा धेरै मानिसहरू प्रभुको राज्यमा आउन सकून् ।

८. नेपाली इसाई मण्डली साथै शाखा/आवद्ध मण्डलीहरू अझ आशिषित् भएर जानको लागि परमेश्वरबाटको विशेष अगुवाइ मागौं साथै सेवकाइ गर्नुहुने सेवक/सेविकाहरूको कमी नभएको होस् भनी प्रार्थना गरिदिऔं ।

९. विदेशमा रोजगार, अध्ययनको लागि जानुभएकाहरूले आफ्नो काम, पढाइको व्यस्तताको बीचमा प्रभुलाई नबिर्सिऊन् । उहाँहरूको सुरक्षा, पढाइ, काम साथै परिवारको लागि पनि प्रार्थना गरिदिऔं ।

१०. मण्डलीका सम्पूर्ण विश्वासीहरू प्रभुसँगको घनिष्ठतामा दिन प्रतिदिन बढ्दै जान सकून् साथै मण्डलीको सेवा संगतिहरूमा सहभागी भई आफै पनि खीष्टमा बनिँदै, एकअर्कालाई उत्साह दिँदै र बनाउँदै जान सकून् ।

### मिशनेरीहरूको लागि प्रार्थना

पाष्टर जेम्स र श्रीमती सेल्भी नेपाली परिवार (मुम्बई), पाष्टर नरेन्द्र र श्रीमती शान्ता सिंह परिवार (कोटद्वार, गढवाल), पाष्टर प्रदीप र श्रीमती फिलोमिना बज्राचार्य परिवार (पुने), पाष्टर लोक र श्रीमती परिना गुरूङ्ग परिवार (सिलगढी, भारत), पाष्टर अब्राहाम र श्रीमती केट श्रेष्ठ परिवार बेलायत, पाष्टर तिमोथी र श्रीमती शान्ता थापा परिवार (बेङ्गलोर, भारत) । उहाँहरूको परिवार, सेवकाइ र मण्डलीको लागि साथै विभिन्न देशहरूमा रहेर मण्डली तथा संगतिहरूमा सहायता पुऱ्याइराख्नुभएकाहरूको लागि प्रार्थना गरिदिऔं ।

| | | | | | |
|---|---|---|---|---|---|
| **आइतबार** Sunday | २० 4<br>देशका सबै मण्डलीका पाष्टर तथा अगुवाहरूको लागि पवित्र आत्माको अगुवाइ, बल, साहस मागिदिऔं ।<br>एफिसी ३:२० | २७ 11<br>नेपाल देशका मानिसहरूले प्रभु येशू खीष्ट सत्य र जीवित परमेश्वर हुनुहुन्छ भनेर जान्न सकून् र विश्वास गर्न सकून् ।<br>यशैया ४५:२०-२५ | ३ 18<br>शाखा/आवद्ध मण्डलीहरूका अगुवाहरूले परमेश्वरको बगाल मण्डलीलाई विश्वासयोग्यताका साथ सधैं हेरचाह गरिरहन सकून् ।<br>भजनसंग्रह ७८:७०-७२ | १० 25<br>नेइम परिषद्का गुरुजनहरूले परमेश्वरको इच्छामा पवित्र आत्माको शक्ति र अगुवाइमा मण्डलीलाई डोऱ्याउन सकून् ।<br>प्रेरित २०:२८ | १७ August 1<br>नेपाल देशमा रहेका सम्पूर्ण साना-ठूला मण्डलीहरू साक्षीको जीवन जिएर प्रभुलाई महिमा दिन सकून् ।<br>२ कोरिन्थी २:१४-१५ |
| **सोमबार** Monday | २१ 5<br>हामी कोही पनि संसारसँग एकै चालको भएर दोहोरो जीवन जिउनेहरू नहोऔं ।<br>रोमी १२:२ | २८ 12<br>हामी परमेश्वरका छोराछोरीहरू सधैं दूधे बालकझैं नहोऔं तर बढेका छोराछोरी भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकौं ।<br>१ कोरिन्थी १३:११ | ४ 19<br>मण्डलीका सबै विश्वासीहरू सबै परिस्थितिहरूमा स्थिर र अटल रही परमेश्वरको वचनअनुसार जिउन पवित्र आत्माले नै सहायता गर्नुभएको होस् ।<br>भजनसंग्रह ११९:१०५, १३३ | ११ 26<br>प्रत्येक विश्वासीहरू आफ्नो टोल, छिमेक, नातेदार, साथीहरू र घरानाहरूको बीचमा प्रभुको साँचो साक्षी भएर जिउन सकून् ।<br>२ कोरिन्थी ३:२-३ | १८ 2<br>विदेशमा रोजगार र अध्ययनको सिलसिलामा जानुभएका नेपाली दाजुभाइ, दिदी बहिनीहरूले कुनै न कुनै माध्यमद्वारा प्रभु येशूलाई पाउन सकून् ।<br>१ तिमोथी २:१-६ |
| **मंगलबार** Tuesday | २२ 6<br>परमेश्वरको वचनको भोक, तृष्णा हामी सबैमा जागेको होस् जसको फलस्वरूप वचनमा आधारित जीवनमा हामी जिउन सकौं ।<br>मत्ती ४:४, २ तिमोथी ३:१५-१६ | २९ 13<br>अधुरो घर परिवारकाहरू सबै विश्वासमा आउनको लागि पवित्र आत्माले नै उहाँहरूलाई सहायता गरिदिऊन् ।<br>प्रेरित १६:३१-३२ | ५ 20<br>प्रतिज्ञा गरिएको आशिष् प्राप्त गर्नको लागि विश्वासको पाइला अघि बढाउँदै जान सकौं ।<br>यहोशू १:२-९ | १२ 27<br>मण्डलीका सबै दम्पत्तिहरूको पारिवारिक जीवन एकअर्का र मण्डलीको लागि आशिष्मय बन्न सकून् ।<br>गन्ती ६:२४-२६ | १९ 3<br>परमेश्वर प्रतिको प्रेममा धन्यवादी भई आफ्नो कमाईबाट दशांश साथै अन्य भेटी चढाउने काममा सधैं इमान्दार भइरहन सकौं ।<br>२ कोरिन्थी ९:६-७, ११ |
| **बुधबार** Wednesday | २३ 7<br>खेदो, सतावटको कारण मण्डली अझै बलियो हुँदै र परमेश्वरको राज्य अझ बढेर जानेछ भनी सबै विश्वासीहरू आँटिलो, साहसिलो हुन सकून् ।<br>२ कोरिन्थी १२:८-१० | ३० 14<br>परमेश्वरको प्रेम चाखेर फेरि संसारमा फर्केर गएकाहरू साथै विभिन्न कारणले सेवा संगतिहरूमा आउन छोडेकाहरू परमेश्वरको प्रेम सम्झेर फर्कि आउन सकून् ।<br>लूका १५:११-२४ | ६ 21<br>सबै विश्वासीहरू प्रभुमा जरा गाडिएका, निर्माण भएका र विश्वासमा दह्रिला भएकाहरू हुन सकून् ।<br>कलस्सी २:६-७ | १३ 28<br>मण्डलीका सबै विश्वासीहरूको जीवन एकअर्काको निम्ति आशिष् र आत्मिक उन्नतिको कारण हुन सकोस् ।<br>रोमी १४:१९ | २० 4<br>विश्वासी परिवारकाहरू सधैं प्रभुको प्रेममा रही अरूहरूको निम्ति आशिषित् बन्न सकून् ।<br>रोमी १५:१-३ |
| **बिहीबार** Thursday | २४ 8<br>मण्डलीको चार खाँबो पुरुष, महिला, जवान र बाल संगति आत्मिक क्षेत्रमा एकै रूपमा बढ्दै जान सकून् ।<br>एफिसी ४:१२-१६ | ३१ 15<br>मण्डलीका सबै आमा बुवा तथा अभिभावकहरूले आफ्ना छोरा छोरीहरूलाई प्रभुको प्यार, प्रेम, शिक्षा, अनुशासनमा हुर्काउन सकून् ।<br>व्यवस्था ११:१८-१९ | ७ 22<br>मण्डली साँचो आराधना गर्नेहरू भई परमेश्वरलाई महिमा दिनेहरू हुन सकून् ।<br>यूहन्ना ४:२३-२४ | १४ 29<br>परमेश्वरका छोराछोरीहरूलाई जुन बोलावटमा बोलाइएको छ त्यसअनुसार जिउन सकून् ।<br>एफिसी ४:१-६ | २१ 5<br>मण्डलीका सबै बालबालिका-हरूले सानै उमेरमा साँचो परमेश्वरलाई चिन्न सकून् ।<br>मर्कूस १०:१३-१६ |
| **शुक्रबार** Friday | २५ 9<br>हामी पवित्र आत्माको बप्तिस्मा पाएकाहरू आत्माको भरपूरी र अगुवाइमा हिँड्नेहरू भई फलवन्त जीवन जिउन सकौं ।<br>गलाती ५:२२-२५ | १ साउन 16<br>देशलाई अस्वस्थ, कमजोर बनाउने, गरीबीतिर धकेल्ने भ्रष्टाचार, घूसखोरी, चेलीबेटी बेचबिखन, देह व्यापार, लागु पदार्थको अवैध धन्दा अन्धकारका कामको विरुद्धमा प्रार्थना गरौं ।<br>मत्ती १८:१८ | ८ 23<br>मण्डलीलाई परमेश्वरले देखाउनुभएको बाटोमा हिँड्नको लागि पवित्र आत्माको उपस्थिति र अगुवाइ मागिदिऔं ।<br>भजनसंग्रह २५:४-५ | १५ 30<br>प्रत्येक परिवारमा प्रभुलाई पाहुना होइन तर सधैं प्रभु मानेर आदर गर्नेहरू हुन सकून् ।<br>प्रेरित १०:१-२ | २२ 6<br>मण्डलीका सबै बा, दाजुभाइहरू परमेश्वरको प्रेममा रही घर परिवार, मण्डली र समाजमा आशिष्को कारण हुन सकून् ।<br>हितोपदेश १४:२५-२७ |
| **शनिबार** Saturday | २६ 10<br>आज हुने आराधना सेवाद्वारा मण्डली अझै आशिषित् भई प्रभुको महिमाको लागि जागृत भई अघि बढ्न सकून् ।<br>प्रेरित १:८ | २ 17<br>आजको आराधना सेवा साथै अन्य सेवा संगतिहरूद्वारा मण्डली अझै आत्मिकी रूपमा बढ्दै जान सकून् ।<br>प्रेरित २:४२-४७ | ९ 24<br>युवाहरूको पढाइ, काम, व्यवसाय, विवाह, पारिवारिक जीवनका सबै क्षेत्रहरूको लागि प्रार्थना गरिदिऔं ।<br>याकूब १:१७ | १६ 31<br>इस्राएल देशका यहूदी जातिहरूको लागि प्रार्थना गरिदिऔं ।<br>आमोस ९:१३-१५ | २३ 7<br>भारतको मुम्बई, पुना र अन्य ठाउँहरूमा बेचिएका नेपाली चेलीबेटीहरूको उद्धारको लागी प्रार्थना गरौं ।<br>यर्मिया ३१:४,११ र १६ |

**परमप्रभुले जाति जातिका योजनाहरू रद्द तुल्याउनुहुन्छ, उहाँले मानिसहरूका विचार-विमर्शलाई विफल तुल्याउनुहुन्छ । तर परमप्रभुका योजनाहरू सदा स्थिर रहन्छन्, उहाँको हृदयका विचार पुस्तौंसम्म रहिरहन्छन् । त्यो जाति धन्यको हो, जसको परमेश्वर परमप्रभु हुनुहुन्छ, ती मानिसहरू, जसलाई आफ्नो उत्तराधिकारको निम्ति उहाँले चुन्नुभयो ।** **(भजनसंग्रह ३३:१०-१२)**


प्रकाशक: नेइम ज्ञानेश्वर चर्च, पो.ब. ११३१, काठमाडौं, नेपाल फोन नं: ४४१४४८९/४४१२१७२, फ्याक्स नं. ४४११०१४ Email:info@nim.org.np,